# धनिराम को रिले अनसन

छिर्के लगाएर
ढाल्दै
म्युजिकल चिएरको धून सँगै
चियर्स गर्दै
छिना झपटि गर्दै
गोडा तान्दै र घचड्दै
तानिदै र घँचिडिदै
कहिले यता अंकमाल
कहिले उता
यस्तो
म्युजिकल चिएर को
आनन्दमा वरिपरि घुमिरहेको बेला
परमानन्द मा लिप्त भएको बेला
निमेष पनि आँखा नझिम्काउँदै
के उल्का भएछ ?
म्युजिक पनि छैन चिएर पनि !

पशुपति को छाँद हालेर
गिडगिडायो धनिराम
लम्पसार परेर बिंति गर्छ धनिराम
मेरो लागि बनेको कुसि
फिर्ता देउ हे भोले
बिंति बिंति भंछ धनिराम
आँखा टिलपिल पारेर रोयो धनिराम

अनुनय बिनय ले भोले टसमस नभएपछि
नपग्ले पछि
बाहिर आएर नन्दि लाइ सराप्न थाल्यो धनिराम
उपहार पाएको कुर्ता को बाहुला माथि सारेर

जंग्यो धनिराम
आइज ... आइज ...
देखाइदिनछु...
चियर सम्झेर बौरायो धनि राम

सत्रै भाइ मिल्ले को
जुलुसको मुलि भयो धनिराम
खाने अधिकार हो
लाउने अधिकार हो
कसरि बंचित हामी ?
जुलुसमा चिच्यायो धनिराम
केहि दर्जन को हुलले शहर घुमेपछि
छक्क परयो धनिराम
के आश्चर्य खै मांछे ?
शहरमा मानिस बस्दैनन कि ?
अनि
एलान गर्छ धनिराम
उ त्यो साहिँलो
बिचरो साहिँलो
चोर औंला देखएर बाचा गर्छ धनिराम
अब को चिएर उस्को
उस्को उस्को, केवल उस्को
मलाइ पुग्यौ पुग्यो
म्युजिकल चिएर संझि राल चुहाँउदै भंछ धनिराम
बिचरो साहिँलो
लोभि साहिँलो
गजक्क फुल्यो बास्ना सम्झेर चिएरको
चियर्सको

चियर खोस्ने
सल्लहा भो लोभि पापि को
चारै दाउमा झिंगा नबसेपछि

के गर्ने गर्ने
भंछ आँ गर्दै साहिँलो
पशुपात अनसन/अनसन
भंछ धनिराम
तर आमरण हैन नि
फेरि थप्छ धनिराम
रिले  अनसन गर्ने
रिले  अनसन अब
उदघाटन भयो अनसन को

---

ग्यास्ट्रिक  छ हजुरलाइ
कसरि निफलार हजुर
भंछे छोरी
तैपनि
अलिकति धोक्यो
अलिकति मुखमा कोच्यो
बाटो भरि भोका नांगा लाइ
छिच्ल्दै दलबल साथ
उपहार पजेरो मा हुँक्किएर
गयो अनसन मा धनिराम

पत्रकार आए
भोको धनिराम को चित्र छापाभरि
समाचार
गौ प्राणि धनिराम
दानबीर धनिराम
सच्चा समाज सेवि धनिराम
बिकास बादी धनिराम
अहिंसा बादि धनिराम
रास्ट्र बादि धनिराम
न्यायमुर्ति धनिराम

के के ..
कस्तो कस्तो ..धनिराम
ओह जताततै धनिराम

सरकारि पत्रिकामा नजर लायो धनिराम ले
राउटेको भ्याकुर खाएर जीवन निर्बाहा
बिषालु च्याउले मृत्यु
हुम्ला मा अनिकाल
केहि रहेनछ समाचार
मेरो नाम नै छैन
सोच्यो धनिराम ले

अनसन पछि बल्ल छुट्टि पाएपछि
सिधै पार्टि मा लम्क्यो धनिराम
अलिकति बड़ी धोक्यो अलिकति कोच्च्यो
भोलि को अनसन सम्झेर !!

—कपिल अधिकारी